# अग्नीसाइर कृष्णासवरन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सीतापुर, सप्तरी

प्रदेश नं. २, नेपाल

## आ.व. २०७६/०७७ को शीपमूलक, क्षमता विकास तथा सचेतनामूलक तालिम तथा कार्यक्रम संचालन गर्न प्रस्तावना पत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७६/११/१५**

यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको दोस्रो गाउँ सभाबाट पारित तथा गाउँकार्यपालिकाको कार्यालय मिति २०७६/११/०५ गतेको निर्णय अनुसार चालु आ.व. २०७६/०७७ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहाय बमोजिमका शीपमूलक क्षमता विकास तथा सचेतनामूलक तालिम तथा कार्यक्रम संचालन गर्न प्रस्तावना पत्र आह्वान गरिएको छ । इच्छुक संघ संस्थाले रितपूर्वक प्रचालित ऐन कानूनको अधिनमा रही दोस्रो पटक प्रकाशित मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा प्राविधिक तथा आर्थिक प्रस्तावना पत्र पेश गर्नु हुन सम्वन्धित सबैलाई जानकारीका लागि अनुरोध छ । साथै तालिम तथा कार्यक्रममा सहभागी हुन कार्यक्रम संचालन हुने वडाका इच्छुक व्यक्तिले सम्वन्धित वडा कार्यालयमा १५ दिन भित्र निवेदन दिनु हुन समेत जानकारी गराईन्छ । वडा कार्यालयबाट छनौट भएका व्यक्तिलाई तालिम तथा कार्यक्रममा सहभागी गराइनेछ ।

| सि.नं | तालिम तथा कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|
| १ | दलित र विपन्न महिलाहरुको आय आर्जनका लागि सिलाइ कटाइ तालिम | ४,००,०००/- |
| २ | लोक सेवा तयारी कक्षा सञ्चालन | २,५०,०००/- |
| ३ | जलवायु परिवर्तनका असर सम्बन्धि जनचेतना मूलक कार्यक्रम | २,५०,०००/- |
| ४ | बेरोजगार युवा युवतीलाई ड्राईभिङ ट्रेनिङ | २,५०,०००/- |
| ५ | बाँसको फर्निचरहरु बनाउने तालिम | २,००,०००/- |
| ६ | दलितहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम | २,५०,०००/- |
| ७ | बालबालिकाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | १,५०,०००/- |
| ८ | महिलाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ३,००,०००/- |
| ९ | सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ३,००,०००/- |
| १० | ब्युटीपार्लर तालिम सञ्चालन संचालन | १,५०,०००/- |

**थप प्रावधानहरू :**

१. सिं.नं. १,४ र १० को लागि CETVT बाट मान्यता प्राप्त संख्या लाई ग्राहयता दिइने छ ।

२. हरेक सेवा प्रदायक संस्थाहरुले कम्तीमा १ बर्षको कार्यअनुभव भएको हुनुपर्नेछ ।

३. प्रस्तावित कार्यक्रमको विस्तृत कार्य योजना पेश गर्नुपर्नेछ ।

४. संघ, संस्थाले सम्वन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यताको प्रमाण पत्र तथा अनुभवको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

५. थप जानकारीको लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**अग्नीसाइर कृष्णासवरन गाउँपालिका,**

**सीतापुर, सप्तरी**

हाम्रो सेवाहरु :
एयरकण्डिसन कन्फेन्स हल (सभाकक्ष) ।

Scanned with CamScanner

Scanned with CamScanner